मेडिकल डाइरेक्टर
(डा. सुन्दर प्रसाद ह्योजु)
प्र. प्रहरी अतिरिक्त महानिरीक्षक

नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी अस्पताल

महाराजगंज, काठमाण्डौ

<u>बिरामीको सिदा (रासन)खरिद बन्दोबस्त सम्बन्धी विधुतिय बोलपत्र आव्हानको सूचना ।</u>

ने.प्र.प्र.का.आ.ले.पा.शाखा नक्सालबाट राष्ट्रिय दैनिक गोरखापत्रमा

<u>प्रथम पटक प्रकाशित मिति २०८२।०७।२४ गते ।</u>

नेपाल प्रहरी अस्पताल महाराजगञ्जमा उपचारार्थ बेड भर्ना हुने बिरामीका लागि २०८२ साल माघ १ गतेदेखि २०८३ साल पौष मसान्त सम्म वर्ष १ (एक)को निमित्त चाहिने निर्धारित स्केल बमोजिमको बिरामी रासनको खरिद बन्दोबस्त गर्नुपर्ने भएकोले बिरामीहरुलाई रासन खुवाउन,फर्म,संस्था वा कम्पनीहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही E-bidding गर्नुहुन सर्वसाधारणको जानकारीको लागि रासन खरिद बन्दोबस्त सम्बन्धी विधुतिय बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल:-</u>

| सि.नं. | बोलपत्र नं. | कार्य विवरण | दर्ता गर्ने कार्यालय | बैंकको नाम /खाता नं. | बोलपत्र फाराम दस्तुर | बिडबण्ड रकम |
|---|---|---|---|---|---|---|
| १ | सुचना नं १ २०८२/०८३ | दैनिक ३०० शैयाको वार्षिक सख्या १०९५०० का निमित्त चाहिने निर्धारित स्केलबमोजिमको बिरामी रासन आपुर्ति | नेपाल प्रहरी अस्पताल महाराजगंज काठमाण्डौ | राष्ट्रिय बाणिज्य बैंक ठमेल शाखामा रहेको कार्यालय कोड नं. ३१४०४३५०८ को.ले.नि.का.लैनचौरको एकल धरौटी खाता नं. ११००१००१०२०३०००० मा रकम जम्मा गर्न सकिने | रु.५,०००।- (अक्षरुपी पांच हजार। मात्र | रु.१३,७२,०००।- (तेह लाख बहत्तर हजार। मात्र |

१. बोलपत्र फारम खरिद गर्न ईच्छुक नेपाली आपुर्तिकर्ताले नोटरी पब्लिकबाट प्रमाणित गरी आवश्यक कागजातहरु नेपाली नागरिकताको प्रमाणपत्र,फर्म,संस्था वा कम्पनी दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र,मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र वा आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्र र आ.व. २०८१।०८२ को कर विवरण पेस गरेको कागजातहरुको प्रतिलिपि वा म्याद थपको प्रमाणीत प्रतिलीपी तथा लिखित आवेदनसहित दस्तुर रु.५,०००।- (अक्षेरुपी पाँच हजार। फिर्ता नहुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय लैनचौर काठमाण्डौको नाममा रहेको रा.वा.बैंक ठमेल शाखाको राजश्व शिर्षक नं. १४२२९ कार्यालय कोड नं.३१४०४३५०८ खाता नं. १०००१००२०००१०००० मा नेपाल प्रहरी अस्पताल महाराजगंज, काठमाण्डौको नाममा दाखिला गरि विद्युतीय बोलपत्र खरिद गर्न सकिनेछ ।

२. बिरामी रासनको विद्युतीय बोलपत्र सूचना प्रकाशित भएकै दिन देखि मिति २०८२ साल मंसिर २४ गते बुधवार दिनको १२:०० बजे सम्म E-bidding मार्फत दर्ता हुनआएका रीतपूर्वकका विद्युतीय बोलपत्रहरु

सोही दिनको १४:०० बजे नेपाल प्रहरी अस्पतालमा बोलपत्र मुल्याङकन समिति एवं उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । विद्युतिय बोलपत्र खोलिने दिन कारणवस कुनै सार्वजनिक बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिनमा माथि उल्लिखित स्थान र समय भित्र खोलिने छ । पूर्व निर्धारित मितिमा कारणवश बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मितिदेखि नै गरिने छ ।

३. E-bidding मार्फत बोलपत्र पेस गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक मिति २०८२।०८।१४ गते आईतबार १४:०० बजे यस अस्पतालमा आयोजना गरिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ ।

४.नेपाली नागरिकले E-bidding मार्फत पेस गरेको बोलपत्र मात्र मान्य हुने छ र बोलपत्र फारम भरी E-bidding मार्फत पेस गर्दा नेपाली नागरिकताको प्रमाणपत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाण-पत्र र , आ.ब. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र वा आ.ब. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्र र आ.ब.२०८१/०८२ को कर विवरण पेस गरेको/म्याद थप गरेको प्रमाणीत कागजात पेश गर्नुपर्ने छ ।बोलपत्रसाथ पेश भएका कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनु पर्ने र सो बाट सम्भव नभएमा आफैले प्रमाणित गरि पेश गर्नु पर्ने र आफैले प्रमाणित गरेका कागजातहरुको सक्कल प्रति कार्यालयमा पेश गर्नु पर्ने छ ।

५.अन्य व्यवसायको लागि दर्ता भएको प्रमाण-पत्र प्राप्त व्यक्ति वा फर्मले खाद्य सामाग्री आपुर्तिको लागि पनि अनुमति थप भएको प्रमाणपत्रको प्रमाणित कागजात अनिवार्य रुपमा विद्युतीय बोलपत्र फाराम साथ पेस गर्नुपर्ने छ ।

६. बोलपत्रदाताले बोलपत्र सम्बन्धी कुनै पनि कागजातमा उल्लेखित शर्तहरुको प्रतिकुल हुनेगरी कुनैपनि शर्त थप गर्न पाइने छैन ।

७.सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा राखेका व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले बोलपत्रमा भाग लिन पाउने छैनन् । कुनै बोलपत्रदाताले सार्वजनिक खरिद ऐन, खरिद सम्झौता तथा खरिद सम्बन्धी कागजातमा उल्लेख भएको दायित्व पालना नगरेमा त्यस्ता बोलपत्रदाताहरुलाई कालो सूचीमा राख्न सिफारिस गरिने छ ।

८. विद्युतीय बोलपत्र पेस गर्दा बोलपत्र जमानत बापत बोलपत्रदाताले माथि उल्लिखित खातामा नगदै जम्मा गरेको सक्कलै भौचर वा नेपाल सरकारको इजाजत प्राप्त वाणिज्य बैंक वा बित्तिय संस्थाबाट नियमानुसार जारी भएको बोलपत्र जमानतको मान्य अवधि बोलपत्रको मान्य अवधी भन्दा ३० दिन बढी भएको हुनु पर्ने छ ।

९. बोलपत्रको मान्य अवधी दाखिला गर्ने अन्तिम मितिबाट गणना हुने गरी ९० दिनको हुने छ ।

१०.बोलपत्रदाताले बोलपत्रसाथ अघिल्ला ३ (तिन) आ.ब.हरु (२०७९/०८०,२०८०/०८१ र २०८१/०८२,) मध्ये कुनै एक आ.ब.मा कुनै सरकारी निकाय वा निजी संस्थामा सन्तोषजनक रुपमा रासन (सिदा) आपुर्ति गरेको वा गरिरहेको प्रमाणित कागजातहरुको प्रतिलिपि पेश गर्नुपर्ने र उक्त कार्य अनुभव गणना गर्दा बोलपत्रदाताले कबोल गरेको अंकको कम्तिमा ५० प्रतिशत हुनुपर्ने छ ।

११.विद्युतीय बोलपत्र सम्बन्धी कागजातको परिमाण सहितको मूल्य सूची भर्दा मूल्य अभिबृद्धी कर बाहेकको प्रति दिन प्रति बिरामीको आइटमवाइज (Item-wise) दर अङ्क र अक्षर दुवैमा स्पष्ट लेखुपर्ने छ । अङ्क र अक्षरमा

लेखिएको दररेट फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइने छ । केरमेट वा अधिलेखन प्रयोग भएमा बोलपत्रदाताको सहिछाप भएको हुनुपर्ने छ ।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नेपाल प्रहरी अस्पतालमा सुरक्षित रहने छ ।

१३. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेसा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा-पत्र बोलपत्र साथ upload गर्नुपर्ने छ ।

१४. बोलपत्र दर्ता गर्ने समय भित्र E-bidding दर्ताको लागि upload गरी सक्नुपर्ने छ ।

१५ बिरामीको राशन (सिदा) आपुर्ती कार्यको लागी E-bidding मार्फत गरिने भएकोले बोलपत्रदाताहरुले यस कार्यालयबाट प्रकाशित सुचना सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np वा www.ppmo.gov.np बाट प्राप्त गर्नसकिने छ।

१६.बोलपत्रमा पेस गर्नुपर्ने कागजातहरु उल्लेखित Scanned Copy Pdf मा Upload गर्नु पर्ने छ । साथै बोलपत्र फारम दस्तुरको रकम माथि उल्लेखित राजश्व शिर्षकमा जम्मा गरेको भौचरको Scanned Copy समेत Upload गर्नु पर्नेछ र सक्कल प्रति वा सो को प्रतिलिपी (राजश्व, धरौटी वा बोलपत्र जमानतको पत्र सक्कलै) तोकिय बमोजिम प्रमाणित गरी राशन नमुना सहित अनिवार्यरुपमा कार्यलयमा पेश गर्नु पर्नेछ ।

१७ बोलपत्र सम्वन्धि कागजातमा उल्लेख भए बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपिहरु पुरै Upload नगरी आंशिक Submit गरेको पाइएमा उक्त विद्युतीय बोलपत्रहरु अयोग्य भएको मानिने छ।

१८ बोलपत्रदाताको विद्युतीय बोलपत्र खोल्ने समयमा निजको बोलपत्र Upload भएको कागजात स्पष्ट सँग नबुझिएमा वा Download हुन नसकेमा/नभएमा Download भएको कागजात नखुलेमा कार्यालय जवाफदेही हुने छैन ।

१९.नमुनाको हकमा कार्यालयमा नमुना छनौट गरी राखिएको हुँदा कार्यालयको नमुना बमोजिमको रासन आपुर्ती गर्नु पर्ने छ ।

२०. बोलपत्र खरिद सम्झौता अवधिभर कुनै मुल्य बृद्धि दिईने छैन ।

२१. ढुवानी खर्च आपुर्तिकर्ता स्वयमले व्यहोर्नु पर्नेछ ।

२२.बोलपत्र सम्वन्धी थप बुझ्नु परेमा कार्यालय समय भित्र यस अस्पतालको आर्थिक प्रशासन शाखाको फोन नं. ०१-४५१२५३० मा सम्पर्क राख्न सकिने छ। विद्युतीय बोलपत्रसम्वन्धी सूचना नेपाल प्रहरीको Website:www.nepalpolice.gov.np, यस अस्पतालको Website:www.nph.nepalpolice.gov.np र www.ppmo.gov.np, www.bolpatra.gov.np मा पनि हेर्न सकिने छ ।

२३.बोलपत्र सम्वन्धि कागजातहरुमा उल्लेख नभएका विषयहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ (संसोधन सहित), सार्वजनिक खरिद नियमावली,२०६४ (संशोधन सहित) र प्रचलित अन्य नेपाल सरकारको कानुन अनुसार हुने छ ।